**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

1. पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले हिजो हुगली जिल्लाको सप्तर्षि घाटमा त्रिवेणी कुम्भ महोत्सवको उद्घाटन गर्नुभयो।

2. पुणेमा मृत्यु भएका प्रवासी श्रमिकको परिवारलाई भेट्न तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जी आज पुरुलिया जानु हुनेछ।

3. राज्यका शहरी विकास मन्त्री तथा कोलकाता नगर निगमका मेयर फिरहाद हाकिमले सिलगढीमा नगर निगमको पूर्वाधार र भवन योजनाहरूको निरीक्षण गर्नुको साथै चुनावी तयारीको बारेमा पनि छलफल गर्नु भयो।

4. विधानसभा चुनावमा भारतीय सेक्युलर फ्रंटले सीट बाँडफाँड प्रस्तावलाई अन्तिम रूप दिन सीपीएम नेतृत्वको वाम मोर्चालाई समयसीमा तोकेको छ।

5. दार्जिलिङ संसदीय क्षेत्रका सांसद राजु विष्टले हिजो संसदमा औद्योगिक सम्बन्ध संहिता (संशोधन) विधेयक २०२६ नरेन्द्र मोदी सरकारले पुराना २९ श्रम कानुनहरूलाई एकीकृत गरेर चार नयाँ श्रम कानून बनाएको बताउनु भएको छ।

**पश्चिम बंगाल - त्रिवेणी कुम्भ महोत्सव**

पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसले हिजो हुगली जिल्लाको सप्तर्षि घाटमा त्रिवेणी कुम्भ महोत्सवको उद्घाटन गर्नुभयो। यो महोत्सव गंगा, यमुना र सरस्वती नदीहरूको शुभ संगमको प्रतीक हो। त्रिवेणी कुम्भ पोरिचलोना समितिद्वारा आयोजित यस धार्मिक कार्यक्रममा भक्तजन, सन्त र स्थानीय बासिन्दाहरूको ठूलो भीड जम्मा भएको थियो।तीर्थयात्रीहरूको ठूलो भीडलाई सम्हाल्न स्थानीय प्रशासनले पुलिस र नागरिक रक्षा कर्मचारीहरूसहित विस्तृत सुरक्षा व्यवस्था गरेको छ।

**अभिषेक ब्यानर्जी - प्रवासी श्रमिकको परिवारलाई भेट्न जाने**

पश्चिम बंगालको पुरुलिया जिल्लाका प्रवासी श्रमिकको मृत्युलाई लिएर महाराष्ट्रको पुणेमा राजनीतिक विवाद उत्पन्न भएको छ। तृणमूल कांग्रेसले पुणे पुलिसले गरेको दाबी अनुसार मृत्यु मादक पदार्थ सेवन गरी भएको झगडाको परिणाम हो भन्ने दाबीलाई अस्वीकार गरेको छ। तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जी

मृतकको परिवारलाई भेट्न आज पुरुलिया जानु हुनेछ। पुणे पुलिसले हिजो एक विज्ञप्तिमा सोमबार राति घटना भएको बताएको छ। मृतक श्रमिक स्थानीय कम्पनीमा काम गर्थे। पुलिसका अनुसार उनी दिउँसो ३ बजेतिर कामको लागि घरबाट निस्केका थिए तर ड्युटीमा हाजिर भएनन्।पुलिसले मृतक मादक पदार्थ सेवन गरी कोरेगाउँ क्षेत्रमा घुमिरहेको आरोप लगाएको छ।

**एक अभियुक्तलाई पक्राउ**

केन्द्रीय अनुसन्धान ब्यूरो सीबीआईले हिजो २०२१ को पश्चिम बंगाल विधानसभा चुनावपछि भएको हिंसासँग सम्बन्धित मुद्दामा २०२१ देखि फरार रहेका एक अभियुक्तलाई पक्राउ गरेको छ। हिजो दिउँसो सीबीआईले जारी गरेको विज्ञप्ति अनुसार, उनलाई उत्तर २४ परगना जिल्लामा रहेको उनको ससुराको घरबाट पक्राउ गरिएको थियो। कलकत्ता उच्च अदालतको आदेशपछि सीबीआईले २०२१ मा राज्यमा चुनावपछिको हिंसाका घटनाहरूको अनुसन्धान सुरु गरेको थियो। यस्तै एउटा घटनामा आरोपीले अन्य अभियुक्तहरूसँग मिलेर आपराधिक षड्यन्त्र रचेको र 2 मई २०२१ को बिहान चुनावपछिको हिंसाकी पीडितलाई घेरेको आरोप छ। उनीहरूलाई बन्दुक, हात बम र फलामको रडले सशस्त्र गरिएको आरोप छ।
एजेन्सीले राजनीतिक प्रतिद्वन्द्विता र मस्जिद जग्गामा क्लबहाउस निर्माणको विवादबाट उत्पन्न भएको बम प्रहार गरेर जमानको हत्या गरिएको आरोप लगाएको छ। सीबीआईले आरोपी र अन्य १२ जना अभियुक्तहरू विरुद्ध भारतीय दण्ड संहिता (आईपीसी), विस्फोटक पदार्थ ऐन र भारतीय विस्फोटक ऐनका विभिन्न धाराहरू अन्तर्गत आरोपपत्र दायर गरेको छ। यो मुद्दा हाल उत्तर २४ परगनास्थित बारासतको जिल्ला अदालतमा विचाराधीन छ।

**फिरहाद हाकिम – सिलगडी**

राज्यका शहरी विकास मन्त्री तथा कोलकाता नगर निगमका मेयर फिरहाद हाकिम हिजो सिलगढी आइपुग्नु भएको छ। उहाँले सिलगढी नगर निगमको प्लेटिनम जुबली भवनको बैठक हलको निरीक्षण गर्नु भयो। बैठक हलमा पुगनु भएपछि उहाँले पहिले नगर निगमको पूर्वाधार र भवन योजनाहरूको निरीक्षण गर्नु भयो र सुन्दर निर्माणको लागि सम्बन्धित अधिकारीहरूको प्रशंसा गर्नु भयो। भ्रमणको क्रममा मन्त्रीले वार्ड काउन्सिलरहरूसँग व्यक्तिगत रूपमा भेट गरेर र लामो छलफल गर्नु भयो। छलफलहरू चलिरहेको विकास कार्य, नागरिक सेवाहरू र भविष्यका योजनाहरूमा केन्द्रित थिए।परिषद्का सदस्यहरूलाई सम्बोधन गर्नु हुँदै उहाँले स्पष्ट सन्देश दिनु भयो, संगठनलाई तल्लो तहमा बलियो बनाउनुपर्छ र जनतामा अझ बढी सक्रिय पहुँच हासिल गर्नुपर्छ। छलफलको क्रममा मन्त्री फिरहाद हाकिमले चुनावी तयारीको बारेमा पनि छलफल गर्नु भयो र मुख्यमन्त्रीलाई पुन: निर्वाचित गर्ने लक्ष्यका साथ मिलेर काम गर्न आह्वान गर्नु भयो। उहाँले राज्यको विकासको लागि संगठनलाई अझ बलियो बनाउनु आवश्यक रहेको बताउनु भयो।

**एआईएसएफ – विधानसभा चुनाव**

कांग्रेस पार्टीले पश्चिम बंगालको चुनाव एक्लै लड्ने निर्णय गरेपछि अखिल भारतीय सेक्युलर फ्रंट एआईएसएफले यस वर्षको विधानसभा चुनावको लागि सीट बाँडफाँड प्रस्तावलाई अन्तिम रूप दिन सीपीएम नेतृत्वको वाम मोर्चालाई समयसीमा तोकेको छ। आईएसएफ स्रोतहरूका अनुसार, वाम मोर्चा, विशेष गरी यसको प्रमुख माकपालाई आइतबारसम्ममा आफ्नो सीट बाँडफाँड प्रस्ताव पेश गर्न पहिले नै सूचित गरिएको छ। यो असफल भएमा एआईएसएफले चरणबद्ध रूपमा विभिन्न विधानसभा क्षेत्रहरूको लागि आफ्ना उम्मेदवारहरूको घोषणा गर्न थाल्नेछ।यो उल्लेखनीय छ, २०२१ को पश्चिम बंगाल विधानसभा चुनावको लागि, वाम मोर्चा, कांग्रेस र

एआईएसएफ "संयुक्त मोर्चा" अन्तर्गत एकताबद्ध भएका थिए। यद्यपि, एआईएसएफले २०२४ को लोकसभा चुनावको लागि यो व्यवस्थाबाट अलग भयो, जबकि कांग्रेस र वाम मोर्चाले आफ्नो सीट बाँडफाँड व्यवस्था जारी राखे।एआईएसएफको अर्को स्रोतले भनेको छ, कांग्रेस यस पटक यस व्यवस्थाको हिस्सा नभएकोले, वाम मोर्चाले चाँडै उनीहरूसँग आफ्नो सीट बाँडफाँड प्रस्तावलाई अन्तिम रूप दिनुपर्छ। हाम्रो सिटको माग संयुक्त मोर्चाको हिस्सा बनेको भए कांग्रेसले माग गरेको संख्याभन्दा धेरै कम हुनेछ।

**केएलओको उत्तरकन्या अभियान**

कामतापुर लिबरेशन ऑर्गनाइजेशन केएलओको रोजगारीसहितको तीन सूत्री मागको समर्थनमा हिजो सिलिगुडीस्थित उत्तरकन्याको मिनी शाखा सचिवालयमा लिङ्क म्याननहरूले अभियानको आह्वान गरे। प्राप्त जानकारी अनुसार, जुलुस फुलबारीको चुनाभाटी क्रसिङमा पुग्दा भारी पुलिस बलले रोक्यो। जुलुस रोकिएपछि प्रदर्शनकारीहरू सडकमा बसे र विरोध गरे। पछिबाट केही प्रतिनिधिहरू उत्तरकन्या गए र ज्ञापन पत्र बुझाएका छन्।प्रदर्शनकारीहरूले पूर्व केएलओ र लिङ्क म्याननहरूलाई तत्काल रोजगारीको माग गरे। उनीहरूले स्थायी पुनर्स्थापना र स्वायत्त परिषद् गठनको पनि माग गरे। जलपाईगुडी र कुचबिहार जिल्लाका दुई सयभन्दा बढी लिङ्क म्यानहरूले अभियानमा भाग लिएका थिए।

**सांसद राजु विष्ट**

दार्जिलिङ संसदीय क्षेत्रका सांसद राजु विष्टले हिजो संसदमा औद्योगिक सम्बन्ध संहिता (संशोधन) विधेयक २०२६ विषयमा बोल्नु हुँदै आधुनिक भारतका लागि आधुनिक कानुनहरूको आवश्यकतालाई स्वीकार गर्दै नरेन्द्र मोदी सरकारले ती पुराना भइसकेका २९ श्रम कानुनहरूलाई एकीकृत गरेर चार नयाँ श्रम कानून बनाएको बताउनु भएको छ। यी नयाँ श्रम कानूनहरूले सबै श्रमिकहरूका लागि समयमा ज्यालाको भुक्तानी, एउटा राष्ट्रिय न्यूनतम ज्याला जसभन्दा कम भुक्तानी कुनैपनि श्रमिकलाई गर्न सकिँदैन, सबै कार्यका लागि नियुक्ति पत्रहरू, महिलाहरूका लागि समान ज्याला र सम्मान, ५० करोड़ श्रमिकहरूका लागि सामाजिक सुरक्षा, सबै श्रमिकहरूका लागि अन्तरराष्ट्रिय मापदण्डअनुरूप सामाजिक न्याय अनि अन्य वैधानिक लाभहरूको ग्यारेण्टी सुनिश्चित गर्नेछन् भनी बताउनु भयो। सांसद श्री विष्टले पश्चिम बङ्गालमा तृणमूल काँग्रेसको सरकार यी नयाँ श्रम कानूनहरू लागु गर्न असफल भएको आरोप लगाउनु भयो। उहाँले भन्नु भयो, टीएमसीको सत्ता अन्तर्गत उत्तर बङ्गालका लगभग ३० चिया बगानहरू बन्द भएका छन्, जसको परिणामस्वरूप त्यहाँका मूलवासी समुदायका सदस्यहरू आजीविकाको खोजीमा बसाइँ सर्न बाध्य भएका छन् अनि सँगसँगै क्षेत्रमा अवैध घुसपैठको अनुमति दिइएको छ जसले गर्दा क्षेत्रको जन-सांख्यिकीय सन्तुलन बदलिएको छ।'
उनले सदनमा जानकारी गराए, कसरी चिया बगान श्रमिकहरूलाई उनीहरूका पुर्ख्यौली भूमिको पर्जापट्टा अधिकारबाट वञ्चित गरिएको छ, जबकि राज्य सरकारले चिया बगानको ३०% भूमिलाई पॉच तारे होटेलहरू निर्माण गर्नका लागि अनुमति प्रदान गरेको बताउनु भयो।

**कृषकवर्गलाई कृषि चुना वितरण**

पश्चिम बंगाल सरकारको कृषि विभागको भूमि संरक्षण शाखा अनि हिल डेभलपमेन्ट दार्जिलिङद्वारा खरसाङ महकुमा अन्तर्गत सिटोङ तीन ग्राम पञ्चायतको रोलक लङ्कु क्लस्टरका कृषकवर्गलाई हिजो कृषि चुना वितरण गरियो। उक्त अवसरमा कृषि विशेषज्ञ सन्तोष तामाङ एडीए भूमि संरक्षण विभाग खरसाङको उपस्थिति रहेको थियो। एक कृषकलाई २५ केजीको दरले कृषि चुना वितरण गरिएको छ। यसैगरी केही दिन अघि गन्यौँलाको मल

उन्नत प्रजातिका आरसचा एप्पल ग्राफटिङ्ग एभोगाडोको बिरुवा आदि पनि बाँडिएको थियो। एडीए तामाङले कृषकवर्गलाई गन्यौँलाको मल कृषि चुना प्रयोगवारे पनि जानकारी गराउनु गराउनु भएको छ।

**सर्किट बेन्चद्वारा पहिलो दिन १९२ मुद्दाको सुनुवाइ**

जलपाईगुडीको पहाडपुरमा अवस्थित कलकत्ता उच्च अदालतको सर्किट बेन्चको ऐतिहासिक उद्घाटन भएको छ। सर्किट बेन्चले आफ्नो पहिलो दिनमा १९२ मुद्दाको सुनुवाइ गऱ्यो। 17 जनवरीमा सर्वोच्च अदालतका न्यायाधीश सूर्य कान्त, मुख्यमन्त्री ममता ब्यानर्जी र केन्द्रीय कानून मन्त्री अर्जुन राम मेघवालले भवनको उद्घाटन गर्नु भएको थियो। यसको साथै ११ फरवरीबाट यहाँ मुद्दाको सुनुवाइ सुरु हुने घोषणा गरिएको थियो। उद्घाटन भएको एक महिनाभन्दा कम समयपछि नयाँ भवनमा औपचारिक काम सुरु भयो। सर्किट बेन्चले आजदेखि सञ्चालन सुरु गर्यो र पहिलो दिनमै ठूलो संख्यामा मुद्दाको सुनुवाइ भयो। डिभिजन बेन्चको सूचीमा १९२ मुद्दाहरू समावेश थिए। प्रधान न्यायाधीश सुजय पालले यीमध्ये पहिलो केही मुद्दाको सुनुवाइ गर्नु भयो।

****** ० ******